भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. (कोरोना)/२०७७/०७८
च.नं. २५०

मितिः २०७७/०६/०४

**विषयः कोभिड-१९ संक्रमण जोखिम सावधानी सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/सेवा केन्द्र सबै ।**
**श्री निजी/सामुदायिक विद्यालयहरु सबै ।**
**श्री बैंक तथा वित्तीय संस्थाहरु सबै ।**
**श्री उद्योग वाणिज्य संघ, भूमे शाखा ।**

प्रस्तुत विषयमा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७।०६।०४ गत्ते बसेको बैठकबाट कोभिड-१९ जोखिम न्यूनिकरण सम्बन्धमा देहाय बमोजिम निर्णय भएकोले निर्णयका सम्बन्धमा आवश्यक सहयोग तथा कार्यान्वयनका लागि अनुरोध छ ।

**कार्यपालिका बैठकको निर्णयः**

"मिति २०७७।०५।३० मा संकलिन स्वाब परीक्षणको नतिजामा भूमे गापाभित्र वर्ष ११, वर्ष १४, वर्ष ३२, वर्ष ३०, वर्ष ३६ र वर्ष ५८ का छ जना पुरुष र वर्ष ४५ का एक जना महिलामा कोभिड-१९ संक्रमण देखिएकोमा सो मध्ये केही जनप्रतिनिधि र कर्मचारी समेत रहेकाले कोभिड-१९ (कोरोना भाइरस) जोखिम बढ्न नदिन देहाय बमोजिम गर्नेः

**देहायः**

१) भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका सबै वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकीहरुमा अत्यावश्यक सेवा बाहेक सेवा बाहेक अन्य सबै सेवा प्रवाह मिति २०७७।०६।११ गतेसम्म बन्द गर्ने ।

२) गाउँपालिका अन्तर्गतका सबै निजी तथा सामुदायिक विद्यालयहरुमा मिति २०७७।०६११ सम्म सिकाई सहजीकरण लगायत कुनै पनि शैक्षिक क्रियाकलाप नगर्ने ।

३) गाउँपालिका अन्तर्गतका सबै स्थानमा सञ्चालित सबै बैंक तथा वित्तीय संस्थाहरु अत्यावश्यक अवस्थामा बाहेक मिति २०७७।०६।११ सम्म बन्द गर्न वा सुरक्षित तरिकाले सेवा प्रवाह व्यवस्था मिलाउन अनुरोध गर्ने,

४) गाउँपालिकाभित्र रहेका सबै बजार, पसल तथा होटलहरु सामाजिक दूरी र स्वास्थ्य मापदण्ड कडाइका साथ पालना गरी मिति २०७७।०६।११ सम्म दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म मात्र खोल्ने र अन्य समयमा बन्द गर्ने निर्देशन दिने, साथै अत्यावश्यक बाहेकका सवारी साधन आवतजावत बन्द गर्न अनुरोध गर्ने,

५) समुदायस्तरमा संक्रमण जोखिम बढ्न नदिन आम गाउँपालिकाबासीमा यसअघि जारी गरिएका सूचनाहरुको पूर्ण पालना गरेर घर-घरमै बस्न अनुरोध गर्ने । अत्यावश्यक कामको सिलसिलामा बाहिर निस्कनै पर्ने अवस्थामा सामाजिक दूरी कायम गरी स्वास्थ्य मापदण्ड पालना गर्न/गराउन सूचना जारी गर्ने । "

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

..............................
**(चन्द्रसिंह श्रेष्ठ)**
**प्रमुख प्रशासकीय अधिकृत**

C:\Users\chandra\Google Drive\गाउँ कार्यपालिका\कार्यपालिका बैठक २०७७।०७८\कापा निर्णय कार्यान्वयन.docx